स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता पल शाह र अभिनेत्री दीपिका प्रसाईं अभिनीत फिल्म 'मायावी'को प्रदर्शन मिति एकपटक फेरि हेरफेर भएको छ। गत कात्तिक १५ गतेबाट पोस्टपोन्ड भएर आगामी पुष २६ गतेलाई प्रदर्शन मिति घोषणा गरिएकोमा अब फिल्मलाई डेढ महिना पछाडि सारिएको छ। खासमा यसका निर्देशक दीवाकर भ राई महाशिवरात्रिमा आफ्नो नयाँ फिल्म 'नरसिंहा अवतार' प्रदर्शन गर्ने तयारीमा थिए।

**आजको विचार...**



मेखराज उदय

नेपाली...
(दुई पेजमा)



कोही पनि मानिस कमजोररहित हुँदैनन्। अझ कलाकारको हकमा त झन् कमजोरी सुधार्नु अनिवार्य नै मानिन्छ । चाहे अभिनय होस् वा नृत्य । कलाकार भएपछि हरेक कुरामा सकभर निपूर्ण हुनुपर्छ भन्ने मान्यता छ। यसैले लामो रेसको घोडा बन्न कलाकारले कमजोरी सुधारेर आफूलाई सक्षम र सबल बनाउन सक्नुपर्छ। फिल्म 'लण्डन टू पेरिस'बाट डेब्यु गर्दा अभिनेत्री गरिमा शर्मा पनि अभिनयमा कमजोर देखिएकी थिइन् ।

❐ वर्ष ३० ❐ अंक १२३ ❐ २०८१ मंसिर ११ गते मंगलबार 26 November 2024, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### इजरायली हमलामा दर्जनौँको मृत्यु

**(रासस/एएफपी)**

**बेरुत(लेबनान)** मंसिर १०/लेबनानमा भएको इजरायली हमलममा दर्जनौं मानिसहरुको मृत्यु भएको जनाइएको छ । जसमा मध्ये बेरुतको बास्टा क्षेत्रको बहुमंजिला आवासीय भवनमा भएको हमलामा २९ जनाको मृत्यु भएको छ । इजरायली सेनाका अनुसार सेनाले १२ वटा हिजबुल्लाह कमान्ड सेन्टरमा आक्रमण गरेको थियो । हिजबुल्लाहको इन्टेलिजेन्स युनिट, कोस्ट-टु-सी मिसाइल युनिट र युनिट-४४००-सिरिया हुँदै इरानबाट लेबनानमा हतियार तस्करीका लागि सक्रिय छन् । सेनाले यी कमान्ड सेन्टरहरू इजरायल विरुद्ध आतङ्कवादी आक्रमणको योजना बनाउन, कार्यान्वयन गर्न र दक्षिणी लेबनानमा सक्रिय सैनिकहरू विरुद्धको आतङ्कवादी गतिविधिको निगरानी गर्न प्रयोग गरिएको जनाएको छ । यसैबीच, लेबनानको स्वास्थ्य मन्त्रालयले मृत्यु हुनेको सङ्ख्या वृद्धि भई २० जना पुष्टि भएको तथा मृतकको सङ्ख्या बढ्न सक्ने रिपोर्ट गरेको छ । युद्धविराम प्रयासका बावजुद इजरायलले हिजबुल्लाह विरुद्ध आफ्नो सैन्य अभियान जारी राख्दा बेरुतमा हवाई आक्रमण भएको हो । सेनाले हमला बेरुतको दक्षिणी उपनगरहरूमा हिजबुल्लाहका स्थानहरूलाई लक्षित गरी गरेको पुष्टि गरेको छ ।

## भन्सार दर परिवर्तनको प्रभाव

# ह्वात्तै घट्यो सुनको मूल्य, एकैदिन १६ हजारले कमी

**हाम्रा संवाददाता**

**पाल्पा,** मंसिर १०/नेपाली बजारमा सुनको भाउ ह्वात्तै घटेको छ । सरकारले सुन आयातको भन्सार दर ५० प्रतिशतले घटाएपछि सोमबार सुनको भाउ तोलामै करिब १६ हजारले घटेको हो ।

नेपाली बजारमा निरन्तर किर्तिमान बनाउँदै आएको सुनको भाउ एकै दिन १५ हजार ९ सय रुपैयाँले ह्वात्तै घटेको छ । मूल्य घटेसँगै प्रतितोला १ लाख ५१ हजार ३ सयमा कारोबार भएको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ । आइतबार भने नेपाली बजारमा प्रतितोला १ लाख ६७ हजार २ सय रुपैयाँमा सुनको कारोबार भएको थियो । कात्तिक १५ मा प्रतितोला भाउ १ लाख ७१ हजार रुपैयाँ निर्धारण गरेको थियो । यो मूल्य अहिलेसम्मकै उच्च थियो । महासंघका अनुसार चाँदीको मूल्य पनि तोलामा १ सय १५ रूपैयाँले घटेको छ । आइतबार प्रतितोला १ हजार ९ सय ६० रूपैयाँमा कारोबार भएको चाँदी सोमबार प्रतितोला १ हजार ८ सय ४५ रूपैयाँमा कारोबार भयो ।

सरकारले सुन आयातको भन्सार दर ५० प्रतिशतले घटाएको छ । गत बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले




भन्सार दर २० बाट १० प्रतिशत कायम गर्ने निर्णय गरेको थियो । भन्सार दर घटेपछि सुन र चाँदीको मूल्य पनि घटेको हो ।

उच्च भन्सार दरका कारण भारतबाट नेपालमा सुन तस्करी भएको भन्दै सरकारले भन्सारदर घटाएको थियो । चाँदीमा १५ प्रतिशत भन्सार दर रहेकोमा १० प्रतिशतमा झारिएको छ । भारतबाट सुन तस्करी भएर नेपालमा नआओस् भन्ने उद्देश्यले दर घटाइएको स्रोतले जनाएको छ । सरकारले बजेटमार्फत १५ प्रतिशत रहेका भन्सार दर २० पुऱ्याएको थियो । उता, भारतमा भने पूर्ण बजेट आउँदा भन्सार दर घटेको थियो । त्यसले नेपालमा सुन महँगो र भारतमा सस्तो हुन पुगेको थियो । यसले बजारमा तस्करीको सुन आएको आशंका गरिएको हो । औपचारिक प्रणालीबाट आउने सुनको परिमाणमा भारी गिरावट देखिएको छ । नेपालमा भन्सार दर घट्दा सुनको मूल्य घटे पनि अन्तर्राष्ट्रिय बजारमा भने मूल्य फेरि बढ्न थालेको छ । रुस अनि युक्रेन र इजरायल अनि हमासबीचको युद्ध चर्किन थालेपछि ओरालो लाग्न थालेको सुनको भाउ फेरि बढ्न थालेको हो । साताअघि युक्रेनले रुसमाथि मिसाइस प्रहार गरेपछि सुनको भाउ बढेको छ । सुरक्षित लगानी खोज्न व्यवसायीहरूले सुनमा लगानी बढाएपछि मूल्य उकालो लागेको बताइन्छ ।

## उत्पत्तिका एकादशी, यस्तो छ व्रतकथा

**पाल्पा,** मंसिर १०/आज उत्पत्तिका एकादशी । मंसिर महिनाको कृष्णपक्ष तिथिमा एकादशीको उत्पत्ति भएको हुनाले यसलाई उत्तिका एकादशी भनिएको हो । सबै एकादशी मध्ये उत्तिका एकादशी पहिलो भएको हुनाले यस एकादशीको व्रत लिने व्यक्तिहरूले आजकै दिनबाट एकादशी व्रत अनुष्ठानको प्रारम्भ गर्नुपर्दछ ।

पद्मपुराण अनुसार, धर्मराज युधिष्ठिरले एक पटक भगवान् श्रीकृष्णलाई एकादशी तिथिको उत्पत्तिका विषयमा जिज्ञासा राखे । यसैको जवाफमा श्रीकृष्णले भने- सत्य युगमा मुर नामक भयंकर दानवले देवराज इन्द्रलाई पराजित गरेर स्वर्गमाथि आधिपत्य जमायो । तब सबै देवता महादेवको शरणमा पुगे र सम्पूर्ण बेलिबिस्तार सुनाए । देवताहरूको पुकार सुनेपछि महादेव देवगणलाई साथै लिई क्षीरसागर पुगे । त्यहाँ शेषनागको शैय्यामा योग-निद्रामा लीन भएका भगवान् विष्णुलाई देखेर देवराज इन्द्रले स्तुति गरी विष्णुलाई जगाए । देवताको अनुरोधमा विष्णुले मुर दैत्य उपर आक्रमण गरे । असंख्य असुरहरुको संहार गरेर नारायण बदरिकाश्राम पुगे । त्यहाँ भगवान् बाह्र योजन लामो सिंहावती गुफामा निद्रालीन भए । दैत्य मुर पनि विष्णुलाई मार्ने उद्देश्यले गुफामा पस्यो । मुर प्रवेश गर्नासाथ विष्णुको शरीरबाट दिव्य अस्त्र-शस्त्रले युक्त एक अति रूपवती कन्या उत्पन्न भइन् । ती कन्याले आफ्नो केवल हुंकारले मात्र दानव मुरलाई भस्म बनाइन् । नारायण जागा भएपछि दानव मूरको मृत शरीर देखेर विस्मित विष्णुले सोध्दा, ती कन्याले आफूले दैत्यको वध गरेको बताइन् । कन्याको यस्तो अद्भुत पराक्रमबाट प्रसन्न भई विष्णुले एकादशी नामक ती कन्यालाई मनोवाञ्छित वरदान दिई उनलाई आफ्नो प्रिय तिथि घोषित गरिदिए । विष्णुको अभीष्ट वरदान पाएर परम पुण्यप्रदा एकादशी असाध्यै खुसी भइन् । श्रीकृष्णले भने- हे युधिष्ठिर जो मनुष्यले जीवनपर्यन्त एकादशीको उपवास गर्दछ, त्यो मरणोपरान्त वैकुण्ठ पुग्दछ । त्यसैले एकादशी समान पापनाशक व्रत अर्को कुनै पनि छैन । एकादशी-माहात्म्य सुन्नाले मात्र पनि सहस्र गोदानको पुण्यफल प्राप्त हुन्छ ।

## सवारी दुर्घटनामा नौं जनाको अकालमै गयो ज्यान

**पाल्पा,** मंसिर १०/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी नौ जनाको अकालमै ज्यान गएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार नवलपरासी पश्रिुचम, दाङ, बर्दिया, चितवन, बारा, मोरङ, सप्तरी र उदयपुरका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी नौं जनाको ज्यान गएको हो ।

नवलपरासी पश्रिुचमको सुनवल नगरपालिका-४ अलकत्रे डाडास्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । लु.३६ प९५५२ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक रूपन्देही देबदह नगरपालिका-४ पिप्रैया बस्ने ५१ वर्षीय गणेश प्रसाद भट्टराईको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको मेडिकल कलेज भलुही रूपन्देहीमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । यस्तै दाङको लमही नगरपालिका-५ रातोडाँडास्थित सडकमा पनि मोटरसाइकल दुर्घटना हुँदा एक जनाको ज्यान गएको छ ।




रा.७ प ४९५४ नम्बरको मोटरसाइकल अनियन्त्रित भई सोमबार बिहान दुर्घटना हुँदा मोटरसाइकलमा सवार सल्यान बाघचौर नगरपालिका-३ बस्ने ३० वर्षीय लिलाराम डाँगीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको लमही अस्पतालमा उपचारको क्रममा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । उता बर्दियाको राजापुर नगरपालिका-८ धोबिनपुरस्थित सडकमा गाडीको ठक्करबाट मोटरसाइल चालकको मृत्यु भएको छ । लु.२ ख ५९१९ नम्बरको फोर्स गाडीले भे.४ प ७८३ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक राजापुर नगरपालिका-८ भोगपुर बस्ने ५४ वर्षीय चेतुवा थारूको मृत्यु भएको हो ।-बाँकी अन्तिम पेजमा...

## विज्ञान/सूचना प्रविधि

# रोबोटले गर्‍यो रोबोटकै अपहरण



दिनहुँ हामीले अपहरणका घटनाहरू सुनेका वा पढेका छौं । तर चीनमा भने अनौठा घटना घटेको छ । घटना शाङ्हाईमा रोबोटिक्स कम्पनीको शो रुममा अगष्टमा घटेको हो । तर यो भिडियो अहिले सार्वजनिक गरिएको छ ।

शोरुमको सर्भिलियन्स क्यामरामा कैद फुटेजमा रातिको समयमा साना रोबोटहरू बिस्तारै अगाडि गइरहेको देखिन्छ । यसै क्रममा बाटामा ठुला रोबोटसँग उसको भेट हुन्छ । साना रोबोटले ठुलो रोबोटलाई ओभरटाइम गरिरहेको हो भनेर सोध्छ । ठुलो रोबोटले आफूले कहिले बिदा नपाउने कुरा भन्छ । घर जान लागेको हो भनेर सोधेपछि उसले आफ्नो घर छैन भन्ने जवाफ दिन्छ । त्यसपछि सानो रोबोटले मसँग घर आउँ भनेर बोलाउँछ । दुई ठुला रोबोट साना रोबोटलाई पछ्याउँछन् र शोरुमबाहिर निस्कन्छन् । अर्को कम्पनीको रोबोटले आफ्नो रोबोट अपहरण गरेको शोरुमले भनेको छ । टिकटकको चिनियाँ संस्करण दोउयिनमा यो भिडियो भाइरल भइरहेको छ । केहीले यसलाई अद्भुत भनेका छन् । केहीले चाँहि यो कपोकल्पित हुन सक्ने आशंका गरेका छन् ।

रोबोट अपहरणमा परेको कम्पनीले भने यसलाई वास्तविक बताएको छ । रोबोट निर्माता कम्पनी हाङचाउका एक प्रवक्ताले भिडियोमा देखाइएको सानो रोबोट आफ्नो मोडल भएको र अपहरण वास्तविक भएको भनेका थिए । यसको थप विवरण पछि सार्वजनिक गरिने भनिएको थियो ।

यो रोबोटले अन्य रोबोटको आन्तरिक सञ्चालन प्रोटोकल र अनुमतिमा पहुँच बनाउन सक्ने बताइएको छ । तर रोबोट आफैँले कुराकानी सुरु गरेर अरूलाई अपहरण गर्न चाँहि असम्भव भएको परीक्षणको रूपमा यसो गरिएको कम्पनीको भनाई थियो ।

***-रातोपाटी डटकम***

# अर्को वर्ष प्पलले ल्याउँदैछ सस्तो आइफोन

पछिल्ला केही महिनादेखि एप्पलले आगामी वर्ष लन्च गर्ने विभिन्न प्रडक्ट बारेका विभिन्न खुलासाहरु समाचारका शीर्षक बन्दै आएका छन् ।

आगामी वर्ष सन् २०२५ मा एप्पलले सार्वजनिक गर्ने आइफोन एसईको नयाँ संस्करणसँगै आइफोन १७ सिरिज तथा नयाँ म्याकबुक एयरका बारेमा पनि विभिन्न अनुमान तथा समाचार आइनै रहेका छन् । यी सबैको बीचमा एप्पलले सन् २०२५ मा लन्च गर्ने आइफोन एसईको नयाँ संस्करण सबैभन्दा प्रतिक्षित प्रडक्टको रुपमा रहनेछ । किनकि एप्पलले ३ वर्षपछि आइफोन एसई सिरिजको नयाँ फोन सार्वजनिक गर्दैछ । एप्पलले आगामी वर्ष आइफोन एसई ४ को अपग्रेडेड भर्सन सार्वजनिक गर्ने बताइएको छ । समाचार अनुसार यो सस्तो आइफोनको नयाँ संस्करण सन् २०२५ को मार्च सम्ममा सार्वजनिक हुनेछ ।

**एप्पलले आइफोन एसई ४ लाई विभिन्न महत्वपूर्ण अपग्रेडका साथमा पेश गर्नेछ । जसमा नयाँ फिचर निम्न रहनेछन् :**

**डिजाइन र डिस्प्ले :** एप्पलले सन् २०२० मा आइफोन एसई २ सँगै नयाँ नयाँ सुरुवात गरेको थियो । उसले आइफोन एसई ४ लाई आइफोन ८ को डिजाइनमा पेश गरेको थियो । आइफोन एसई २ मा टच आइडी तथा होम बटन राखिएको थियो, जुन एप्पलको आइकनिक बटन हो । यसमा ४.७ इन्चको एलसिडी डिस्प्ले थियो । तर, अब आइफोन एसई ४ को नयाँ संस्करणमा आइफोन १४ मा जस्तै नच डिस्प्ले र ६.१ इन्चको ओएलइडी डिस्प्ले रहनेछ ।

**नयाँ क्यामरा सेटअप :** आइफोन एसई ४ को नयाँ संस्करणमा पनि पछाडिको भागमा हुने मुख्य क्यामरा एउटा मात्रै हुनेछ । तर, यसको क्यामेरा चाहिं अधिक मेगापिक्सेल सहित शक्तिशाली हुनेछ । क्यामेरामा स्मार्ट एचडिआर, डीप फ्युजन तथा उत्कृष्ट नाइट मोड फिचर उपलब्ध हुनेछ । आइफोन एसई ४ मा ४८ मेगापिक्सेलको मूख्य क्यामेरा र १२ मेगापिक्सेलको सेल्फी क्यामेरा रहनेछ । ***-अनलाइन खबर डटकम***


## बगनासकाली गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
### चिर्तुङ्गधारा, पाल्पा

## कालीगण्डकी नदीको बगर क्षेत्रबाट नदीजन्य पदार्थको उत्खनन तथा संकलन कार्यको प्रारम्भिक वातावरणीय अध्ययन (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**सूचना प्रकाशन मिति २०८१/०८/११ गते**


लुम्बिनी प्रदेश , पाल्पा जिल्ला बगनासकाली गाउँपालिकाद्वारा देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तवकको नाम र ठेगाना | नामः बगनासकाली गाउँपालिका,<br>गाउँकार्यपालीकाको कार्यालय<br>ठेगानाः चिर्तुङ्गधारा, पाल्पा<br>फोन नं. ९७७-९८५७०६८८६८<br>इमेलः baganaskali.rural@gmail.com |
| प्रस्तवकको व्यहोरा | प्रस्ताव क्षेत्र पाल्पा जिल्ला बगनासकाली गाउँपालिका वार्ड ६ अन्तर्गत पाल्पा तर्फ टिपुवाघाट बगर क्षेत्र, पचाकादीघाट बगर क्षेत्र, मझेटाघाट बगर क्षेत्र मनानघाट बगर क्षेत्र, र वडा नं ७ मा खानीगाउँ- पाल्पा तर्फ पर्ने मजुवाघाट बगर क्षेत्र, मिलमिले क्षेत्र, कोलबगर बगर क्षेत्रबाट क्षेत्रबाट दिगो तथा वातावरण मैत्री रूपमा डुङ्गा,गिट्टी तथा बलुवाको संकलन तथा उत्खनन कार्य |
| प्रभाव पार्न सक्ने क्षेत्र | पाल्पा जिल्ला, बगनासकाली गाउँपालिका/ वडा नं ६ र ७ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा परिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामजिक तथा आर्थिक प्रणाली र सांस्कृतिक प्रणालीहरू बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न बगनासकाली गाउँपालिका ६ र ७ नं वडा समिति, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ती वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लेखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराईदिनहुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रस्तवकको नाम र ठेगाना | नामः बगनासकाली गाउँपालिका,<br>गाउँकार्यपालीकाको कार्यालय<br>ठेगानाः चिर्तुङ्गधारा, पाल्पा<br>फोन नं. ९७७-९८५७०६८८६८<br>इमेलः baganaskali.rural@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | Economic Vision Pvt Ltd, काठमाडौं |


# विद्युत राष्ट्रिय प्रसारणमा एक सय ६८ मेगावाट थपियो



***कूल १४ दशमलव आठ मेगावाटको माथिल्लो साञ्जेन, ४२ दशमलव पाँच मेगावाटको साञ्जेन र एक सय ११ मेगावाटको रसुवागढी जलविद्युत् आयोजनाको निर्माण सम्पन्न गरी राष्ट्रिय प्रसारण लाइनमा जोडिएका हुन् । यसमध्ये माथिल्लो साञ्जेन गत वर्षको असोजमा निर्माण सम्पन्न भई व्यावसायिक रुपमा विद्युत् उत्पादन गरी हालसम्म करिब रु ३० करोडको विद्युत् बिक्री गरिसकेको छ ।***

नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी चिलिमे जलविद्युत्को अगुवाइमा रसुवामा शुरु भएका तीन वटा जलविद्युत् आयोजनाको निर्माण सम्पन्न भएको छ । ती जलविद्युत् आयोजना निर्माण सम्पन्न भई एक सय ६८ मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको छ । तीनवटै आयोजनाबाट उत्पादित विद्युत् रसुवाको आमाछोदिङ्मो गाउँपालिका थम्बुचेतस्थित प्राधिकरणले बनाएको २२०-१३२-३३ केभी सवस्टेसनमा जोडी राष्ट्रिय प्रसारण प्रणालीमा समाहित गरिएको हो । कूल १४ दशमलव आठ मेगावाटको माथिल्लो साञ्जेन, ४२ दशमलव पाँच मेगावाटको साञ्जेन र एक सय ११ मेगावाटको रसुवागढी जलविद्युत् आयोजनाको निर्माण सम्पन्न गरी राष्ट्रिय प्रसारण लाइनमा जोडिएका हुन् । यसमध्ये माथिल्लो साञ्जेन गत वर्षको असोजमा निर्माण सम्पन्न भई व्यावसायिक रुपमा विद्युत् उत्पादन गरी हालसम्म करिब रु ३० करोडको विद्युत् बिक्री गरिसकेको छ । यस्तै, ४२ दशमलव पाँच मेगावाटको साञ्जेन जलविद्युत् आयोजनाको निर्माण सम्पन्न गरी शुक्रबारदेखि राष्ट्रिय प्रसारण लाइनमा जोडी परीक्षणका रुपमा विद्युत् उत्पादन सुरु गरिएको छ । त्यस्तै, एक सय ११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत् आयोजनाको निर्माण सम्पन्न भई हाल परीक्षणका रुपमा विद्युत् उत्पादन गरिरहेको छ । परीक्षण उत्पादन सफल भएपछि एवं तोकिएको मापदण्ड पूरा गरेपछि साञ्जेन र रसुवागढीको व्यावसायिक रुपमा विद्युत् उत्पादन सुरु हुनेछ । दुवै आयोजनाबाट यही महिनाभित्रमा व्यावसायिक रुपमा विद्युत् उत्पादन हुनेछ । नदी प्रवाहमा आधारित ती आयोजनाबाट हिउँदयाममा करिब ८० मेगावाट मात्र विद्युत् उत्पादन हुन्छ । चिलिमे जलविद्युत् कम्पनीको अनुवाइमा दुई सय ७० मेगावाटका चार वटा आयोजना सुरु गरिएकामा सिन्धुपाल्चोकमा निर्माणाधीन एक सय दुई मेगावाटको मध्यभोटेकोसीबाहेक तीन वटा आयोजना सम्पन्न भएका हुन् । सबै आयोजना २०७२ सालको विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पन एवं बाढीपहिरोले पुर्याएको क्षति तथा अवरोध, कमजोर भौगर्भिक अवस्था, विभिन्न आन्दोलनका कारण निर्माण सामग्री ढुवानी र इन्धन आपूर्तिमा आएको समस्या, प्रत्येक वर्षायाममा आयोजना क्षेत्रमा आइरहे ठूलो बाढी, पहुँच मार्गमा निरन्तर गइरहने पहिरो, कोभिड-१९ को महामारी, सामान आयातमा सिर्जित समस्यालगायतको चपेटामा परेका थिए । यसले गर्दा आयोजनाको निर्माण प्रभावित भएको थियो । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विभिन्न कारणले जीर्ण बनेका चिलिमेका आयोजना निरन्तरको प्रयासपछि निर्माण सम्पन्न हुनु ठूलो उपलब्धि भएको जानकारी दिए । "म चिलिमे कम्पनीको प्रबन्ध-सञ्चालक भएका बेला आमसर्वसाधारणको पनि लगानी रहने गरी एकसाथ चारवटै आयोजनाको निर्माण अगाडि बढाइएको थियो, मुख्य रुपमा काबु बाहिरको परिस्थितिका कारण आयोजनाहरुको निर्माणमा केही समय लागे तापनि तीनवटै आयोजनाहरुको निर्माण सम्पन्न भई विद्युत् उत्पादन शुरु भएको छ, बढी विद्युत् माग हुने काठमाडौं उपत्यकाबाट नजिकै रहेका आयोजनाले हिउँदयाममा विद्युत् प्रणालीलाई सन्तुलन र भरपर्दो बनाउन सहयोग गर्नेछन्", कार्यकारी निर्देशक घिसिङले भने । भूकम्प, नाकाबन्दी, विदेशी मुद्राको तुलनामा नेपाली मुद्राको अवमूल्यन, निर्माण अवधि लम्बिँदा ऋणको ब्याजदर तथा प्रशासनिक खर्च बढ्दा लागतमा केही वृद्धि भएको छ । माथिल्लो साञ्जेन र सञ्जेन गरी दुवै आयोजनाको अनुमानित लागत निर्माण अवधिको ब्याजबाहेक रु सात अर्ब ३५ करोड थियो । आयोजनाको प्रवर्द्धक साञ्जेन जलविद्युत् कम्पनीका प्रमुख कार्यकारी अधिकृत अर्पणबहादुर सिंहले निर्माण अवधिको ब्याजबाहेक आयोजनाहरुको लागत रु नौ अर्ब २० करोड हुने अनुमान गरिएको बताए । उनले लागत अनुमानबमोजिम दुवै आयोजनाको अनुमानित लागत प्रति मेगावाट रु २२ करोड ५० लाख बराबर हुने देखिएको उल्लेख गरे । चिलिमेका चारवटै आयोजनाहरुमा कर्मचारी सञ्चय कोषले ऋण प्रवाह गरेको हो । कम्पनीमा चिलिमे जलविद्युत् कम्पनीको ३९ दशमलव ३६ प्रतिशत, प्राधिकरणको १० दशमलव ३६ प्रतिशत, रसुवाका स्थानीय तहको एक दशमलव २८ प्रतिशत संस्थापक शेयर छ । कर्मचारी सञ्चय कोषका सञ्चयकर्ता र कम्पनीका संस्थापक संस्थाहरु (प्राधिकरण, चिलिमे र रसुवा जिल्लाका सम्बन्धित स्थानीय तह) का कर्मचारीहरु तथा ऋणदाता संस्था ( कर्मचारी सञ्चयकोष) का कर्मचारी, आयोजना प्रभावित रसुवावासी र सर्वसाधारणको गरी ४९ प्रतिशत साधारण शेयर छ ।

माथिल्लो साञ्जेन र साञ्जेनबाट वार्षिक रुपमा एक अर्ब ८० करोड युनिट विद्युत् उत्पादन हुनेछ । माथिल्लो साञ्जेनलाई विद्युत्को बढी माग हुने साँझको समय (पिक) दिउँसोको पानी जम्मा गरी ७०/७० मिनेट पूर्ण क्षमतामा चलाउन सकिन्छ । यसका लागि पिकिङ पोखरी निर्माण गरिएको छ । उक्त पोखरीमा पानी सञ्चय गरी साँझको समयमा थप विद्युत् उत्पादन गरी हिउँदयामका साँझको समयमा थप विद्युत् उत्पादन गरी प्रणालीलाई सन्तुलन बनाउन योगदान पुग्नेछ ।

***-हाम्रा कुरा डटकम***

# दोहोरो कर तिर्नुपर्दा समस्यामा परेको गुनासो



**रामपुर (पाल्पा),** मंसिर १०/यहाँका युवा व्यवसायीले दोहोरो कर तिर्नुपर्दा समस्यामा परेको गुनासो गरेका छन् । व्यवसायी अशोक श्रेष्ठले स्थानीय तह, घरेलु र कर कार्यालयमा छुट्टाछुट्टै राजस्व तिर्नुपर्ने समस्या परेको बताए । दसौँ राष्ट्रिय उद्योग दिवसको अवसरमा रामपुरमा आयोजित कार्यक्रममा सहभागीले व्यवसाय सञ्चालनको क्रममा नाम तथा उद्देश्य सच्याउनुपर्ने अवस्थामा नाम परिवर्तन गर्दा दर्ताभन्दा बढी शुल्क बुझाउनुपर्ने अवस्था रहेका बताएका थिए । यस्तो विद्यमान अवस्थालाई परिवर्तनको आवश्यक रहेको उनीहरुको सुझाव थियो । कार्यक्रममा राज्यको कर नीति र अनुगमनको नीति परिवर्तन गर्नुपर्ने रामपुर उद्योग वाणिज्य संघका अध्यक्ष भोजेन्द्रप्रकाश ढकाल बताए । उनले संघले उद्योगी र व्यवसायीलाई परेको विभिन्न समस्या समाधानका लागि सहजिकरण गर्दै आइरहेको बताए । घरेलु तथा साना उद्योग कार्यालय तानसेनको आयोजना र रामपुर उद्योग वाणिज्य संघको समन्वयमा भएको कार्यक्रममा लुम्बिनी प्रदेशसभा अर्थ, उद्योग तथा पर्यटन समितिका सभापति राजुप्रसाद श्रेष्ठले उद्योग व्यवसायलाई प्रवर्द्धनका लागि प्रदेश सरकारले औद्योगिक व्यवसाय प्रवर्द्धन ऐन ल्याएको जानकारी दिए । 'ऐन प्रमाणित भएर कार्यान्वयनको चरणमा रहेको छ, नाम परिवर्तनको क्रममा देखिएको समस्या समाधानको लागि पहल गरिनेछ, हामीले व्यवसायी तथा उद्योगीको हितका लागि सहज हुने गरी कार्य गर्ने प्रयत्न गरेका छौँ'जार सात सय ५६ उद्योग र चार हजार दुई सय ८५ वाणिज्य फर्म सञ्चालनमा रहेको घरेलु तथा साना उद्योग कार्यालयका उद्योग अधिकृत श्यामकुमार पौडेलले जानकारी दिए । पछिल्लो समय जिल्लामा उद्योग दर्ताभन्दा धेरै खारेज गर्नेको संख्या बढेको उनले बताए । संघीयता कार्यान्वयनमा आएसँगै स्थानीय तहमा स्थानान्तरण हुने गरेपछि कार्यालयमा नयाँ दर्ता गर्ने व्यवसायी तथा उद्योगी कम हुँदै गएका हुन् । संख्यागत रुपमा जिल्लामा उद्योगी तथा व्यवसायी बढेका छन् भने घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता हुने संख्या भने कम देखिएको छ । ***-रासस***

## सवारी दुर्घटनामा...

...दुर्घटनामा गम्भीर घाइते भएका उनको नर्सिङ होम नेपालगंज बाँकेमा थप उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

चितवनको इच्छाकामना गाउँपालिका-६ नौ किलोस्थित सडकमा ट्रक दुर्घटनामा दुई जनाको मृत्यु भएको छ । बागमती प्रदेश ०३-००१ ख ३४९० नम्बरको ट्रक अनियन्त्रित भई दुर्घटना हुँदा ट्रकमा सवार २ जनाको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूको सरकारी अस्पताल भरतपुरमा उपचारको क्रममा मृत्यु भएको जनाइएको छ । साथै दुर्घटनामा घाइते भएका १ जनाको एलाईभ अस्पताल भरतपुर र १ जनाको नयाँ मेडिकल कलेज भरतपुरमा उपचार भइरहेको छ । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै मोरङको सुन्दरहरैंचा नगरपालिका-५ दुलारीस्थित सडकमा हाइसको ठक्करबाट साइकलयात्रीको मृत्यु भएको छ । बा.प्र.०८-००१ च ०४७ नम्बरको हाईस गाडीको ठक्करबाट साइकलयात्री सोही नगरपालिका-४ बस्ने ४४ वर्षीय चन्द्र कुमार राईको मृत्यु भएको हो । ठक्करबाट गम्भीर घाइते भएका उनको बिपि कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान घोपा धरानमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । गाडी चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । बाराको जितपुर सिमरा उपमहानगरपालिका-१ स्थित सडकमा बसको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ । प्र.१-०२-००२ ख ०४१५ नम्बरको बसको ठक्करबाट पैदलयात्री सोही ठाउँका ४२ वर्षीय कृष्ण बहादुर रूम्बाको मृत्यु भएको हो । ठक्करबाट गम्भीर घाइते भएका उनको तराई अस्पताल सिमरा हुँदै बयोदा अस्पताल वीरगंजमा थप उपचारको क्रममा मृत्यु भएको जनाइएको छ । बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै सप्तरीको रूपनी गाउँपालिका-४ छप्कीस्थित सडकमा ट्याक्टरबाट खसेर एक जनाको ज्यान गएको छ । प्र.२-०१-००१ त १०८६ नम्बरको ट्याक्टरबाट खसेर सोही गाउँपालिका-३ कटैया बस्ने २५ वर्षीय शंकर राउतको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको छिन्नमस्ता अस्पताल राजबिराजमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । उता उदयपुरको चौदण्डीगढी नगरपालिका-९ भिमा मिहोरिया चोकमा कारको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ ।

गाईघाटबाट बेल्टारतर्फ जाँदै गरेको प्रदेश-१-०४-००१ च १३८६ नम्बरको कारको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ४५ वर्षीया कमलादेवी चौधरीको सोमबार बिहान मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएकी उनको नगर अस्पताल बेल्टारमा उपचारको क्रममा मृत्यु भएको जनाइएको छ । उक्त कार सोही ठाउँस्थित रूखमा ठक्कर खाई अनियन्त्रित भइ पैदलयात्रीलाई समेत ठक्कर दिई दुर्घटना भएको थियो । साथै दुर्घटनामा घाइते भएका कारमा सवार २ जना र अन्य १ जना पैदलयात्रीको सोही अस्पतालमा उपचार भइरहेको छ । उल्लेखित सबै दुर्घटनाका विषयमा थप अनुसन्धान भइरहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

**खेलकुद समाचार**

## भारतद्वारा अस्ट्रेलिया पराजित




**काठमाडौं,** मंसिर ९/भारतले अस्ट्रेलियालाई पहिलो टेस्ट क्रिकेटमा २ सय ९५ रनले हराएको छ । पर्थमा भएको खेलमा अस्ट्रेलियालाई हराउँदै भारतले इतिहास रचेको छ । अस्ट्रेलियाले पर्थमा पहिलो पटक टेस्ट क्रिकेटमा हार बेहोरेको हो । भारतले दिएको ५ सय ३४ रनको लक्ष्य पछ्याएको घरेलु टोली अस्ट्रेलिया खेलको चौथो दिनको चिया समयपछि २ सय ३८ रनमा अलआउट भयो । दोस्रो पारीमा अस्ट्रेलियाका ट्राभिस हेडले सबैभन्दा धेरै ८९ रन बनाए । भारतका कप्तान जसप्रीत बुमराह र मोहम्मद सिराजले ३/३ विकेट लिए । दोस्रो पारीमा भारतले ६ विकेट गुमाएर ४ सय ८७ रन बनाउँदै पारी समाप्तिको घोषणा गरेको थियो । भारतका यशस्वी जयसवाल र विराट कोहलीले शतक तथा केएल राहुलले अर्धशतक बनाए । अस्ट्रेलियाका नाथन लायनले २ विकेट लिए । यसअघि पर्थमा टस जितेर ब्याटिङ गरेको भारतले पहिलो पारीमा १ सय ५० रन बनाएको थियो । भारतका नितिश रेड्डीले सबैभन्दा धेरै ४१ रन बनाए । अस्ट्रेलियाका जोश हेजलवूडले ४ विकेट लिए । यस्तै अस्ट्रेलिया पहिलो पारीमा १ सय ४ रनमा अलआउट भएको थियो । अस्ट्रेलियाका मिचेल स्टार्कले सबैभन्दा धेरै २६ रन बनाए । भारतका कप्तान जसप्रीत बुमराहले ५ विकेट लिए । यो जीतसँगै भारतले पाचँ खेलको शृङ्खलाको बोर्डर गभास्कर ट्रफीमा १-० ले अग्रता लिएको छ । शृङ्खलाको दोस्रो खेल आउँदो डिसेम्बर ६ देखि एडिलेडमा शुरू हुनेछ ।

**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

**सम्पर्कः ०७५-५२०६०१**

**अर्थ/कर्पोरेट समाचार**

## ग्लोबल आइएमई बैंकका ग्राहकलाई अस्पतालमा छुट




**पाल्पा,** मंसिर १०/ग्लोबल आइएमई बैंक लिमिटेडका ग्राहकलाई समाज डेन्टल अस्पतालमा विशेष छुट दिइने भएको छ । ग्राहकहरुको सुविधालाई मध्यनजर गर्दै बैंक र अस्पतालबिच सम्झौता भएसँगै छुट पाउने भएका हुन् ।

छुटका लागि बैंकका ट्रान्जेक्सन बैंकिङ सेल्स तथा विजनेश प्रमुख प्रकाश पौडेल र समाज डेन्टल अस्पतालका प्रबन्ध निर्देशक शंकु घिमिरेले सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् । साथै, बैंकको क्रेडिट कार्ड मार्फत् भुक्तानी गर्दा १२ महिनासम्म किस्ताबन्दीमा भुक्तानी गर्न मिल्ने सेवा (ईएमआई) समेत प्रदान गर्ने सम्झौता भएको छ ।

सम्झौतानुसार बैंकका ग्राहकहरुले समाज डेन्टलमा बैंकको डेबिट/क्रेडिट कार्ड र ग्लोबल स्मार्ट प्लस मार्फत् भुक्तानी गर्दा ओपीडी दर्ता शुल्क, डाक्टरको परामर्श शुल्क र अस्पतालको आजीवन सदस्यता शुल्कमा शतप्रतिशत छुट पाउने छन् । यसका साथै, बैंकका ग्राहकहरुले एक्सरे बाहेकका सम्पूर्ण सेवा शुल्कमा एकमुष्ठ १० प्रतिशत छुट पाउने छन् ।

किस्ताबन्दी सेवाअन्तर्गत बैंकका क्रेडिट कार्डवाहकले समाज डेन्टल अस्पतालमा उपचार बापत खर्च १५ हजारदेखि अधिकतम ५ लाखसम्मको बिलमा ६ देखि १२ महिनासम्मको सरल किस्ताबन्दीमा भुक्तानी गर्न सक्ने छन् । यस्ता विभिन्न किसिमका सुविधाहरुको उपभोग गर्न इच्छुक ग्राहकहरुले ग्लोबल आइएमई बैंकको जुनसुकै शाखाबाट आवेदन दिइ बैंकको क्रेडिट कार्ड लिन सक्ने छन् ।

## सूचना ! सूचना !! सूचना !!!

**प्रथम पटक प्रकाशित मितिः २०८१/०८/९**

यस रानीमहल बचत तथा ऋण सहकारी संस्था लि. तानसेन ३, पाल्पाको १६ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा आयोजना गरिएकोले यस संस्थाका सम्पूर्ण शेयर सदस्यज्यूहरु तथा सम्पूर्ण सरोकारवालाहरुलाई समयमै उपस्थितिका लागि निमन्त्रणा गरिन्छ ।

**साधारण सभाका एजेण्डा**

- आ.व २०८०/०८१ को आर्थिक प्रतिवेदन
- आ.व २०८०/०८१ को कोषाध्यक्षको आर्थिक प्रतिवेदन
- आ.व २०८०/०८१ को वार्षिक प्रगति प्रतिवेदन
- आ.व. २०८१/०८२ को प्रस्तावित आय व्याय प्रतिवेदन

**समुदघाटन कार्यक्रम**

**मितिः** २०८१ मंसिर २९ गते शनिबार

**स्थानः** रातो घर टक्सारटोल, पाल्पा, तानसेन

**समयः** बिहान ११ बजे

**बन्शत्रः** समुद्घाटन कार्यक्रमपछि सञ्चालन हुनेछ । **पुनश्चः** सम्पूर्ण शेयर सदस्यज्यूहरुले आफ्नो पासबुकसहित स्वयम उपस्थितिको लागि अनुरोध गरिन्छ ।

**भूगोल प्रसाद बैजु श्रेष्ठ**

**अध्यक्ष**

**श्री रानीमहल बचत तथा ऋण सहकारी संस्था लि.**

**तानसेन-३ पाल्पा**

**सम्पर्क नं : ०७५-५२०९३२**

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई